खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप
बागमती प्रदेश, नेपाल

☎ ९८५४०२३६००
☎ ९८५४०५६६००

प.सः- ०८०/०८१
च.नंः- १८३३

मितिः२०८१।०२।२७

श्री सरोकारवाला (सबै),
खाँडादेवी गाउँपालिका, रामेछाप ।

विषय: भुक्तानी सम्वन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व. ०८०/०८१ मा यस गाउँपालिकाको कार्यालयबाट योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्वन्धमा आर्थिक तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० (१) बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै नै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्ने बाध्यात्मक कानुनी व्यवस्था रहेको, चालु आ.व.मा यस गाउँपालिकालाई संघीय सरकार सरकारबाट प्राप्त हुने समानीकरण अनुदान ७४.११ प्रतिशत मात्र प्राप्त हुने जानकारी भएको, राजश्व बाँडफाड र आन्तरिक श्रोत समेत लक्ष्य अनुरुप प्राप्त हुन नसकी बजेट अभाव हुने देखिएको तथा गाउँपालिकामा लेखाको कर्मचारी नहुँदा भुक्तानीमा समेत समस्या हुने देखिएकोले खाँडादेवी गाउँ कार्यपालिकाको मिति २०८१/०२/१५ गतेको बैठकले मिति २०८१/०३/१० गतेसम्म कार्यालयमा पेश भएका फाइलहरुको मात्र भुक्तानी गर्ने भनी निर्णय गरेको हुदाँ कार्यालयबाट नियमानुसार भुक्तानी लिनु पर्ने ब्यक्ति, संस्था, उपभोक्ता समिति, निर्माण ब्यवसायी र सरोकारवालाहरुले मिति २०८१/०३/१० गतेभित्र आवश्यक कागजातहरु पेश गरी आयोजना तथा कार्यक्रमहरुको फरफारक गर्नु / गराउनु हुन यसै सूचना मार्फत सम्पूर्ण सरोकारवालाहरुलाई अनुरोध गरिन्छ। अन्यथा तोकिएको समयसीमा भित्र आयोजना तथा कार्यक्रमहरुको कागजात पेश नभएमा गाउँपालिकाको कार्यालय जवाफदेही नहुने र स्वंयम सरोकारावाला नै जिम्मेवार हुने ब्यहोरा सवैमा जानकारीको लागि अनुरोध छ ।

२०८१।०२।२६
..............................
गौरवराज के.सी
प्रमुख प्रशासकीय अधिकृत
गौरवराज के.सी.
प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ</u>

श्री गाउँपालिका अध्यक्ष ज्यू,
श्री गाउँपालिका उपाध्यक्ष ज्यू,
श्री वडाध्यक्ष ज्यू वडा नं १ देखी ९ सबै,
श्री विषयगत शाखा प्रमुख सबै,
श्री सूचना प्रविधि शाखाः पत्रलाई वेभसाइट (website) तथा facebook page मा upload गर्नहुन,
श्री वडा कार्यालय सबैः सूचनापाटीमा टास गरी सूचना सम्प्रेषण बस्तीस्तरसम्म गर्नहुन ।